# चूला दर्शन

अनुसुचि १

किरात राईहरुको सवभन्दा ठूलो देव भनेको तीन चूला हो । मुलघर परिवारबाट अलग भएपछि थपना गर्ने पहिलो वस्तु नै चूला हो । हरेक किरात राईहरुको धार्मिक आस्थाको प्रतिक नै तीन चूला हो । किरात राईहरुको चूलामा जन्म दिने पुर्वज तथा देवी देवताहरुले बास गरेको हुन्छ भनि विस्वास गरिन्छ । किरात राईहरुले अर्शिबाद लिन टाढा जान पर्दैन । यही चूलामा आर्शिबाद लिन सकिन्छ । चूलामा दैनिक पुजा गरे पित्रीहरु खुसी भई चिताएको मनोआकाङ्क्षा पुरा गरिदिने, धन दौलत र ऐश्वर्य दिने, दुख बिमार हटाउने, शिर ठाडो बनाई दिने बिस्वास गरिन्छ ।

किरात राई यायोक्खा हङकङले नेपाल तथा बिदेबाट बिशेष काम लिई हङकङ आउनु भएका मौलिक किरात धर्म, संस्कार, संस्कृतीमा आस्था राख्ने जो कोही ब्याक्तिहरुले हङकङमा स्थापना गरेको चुलाघरमा सुप्तुलङ दर्शन गर्न ईच्छा गरेमा दर्शन गराई पित्रीहरुबाट आर्शिबाद लिने काम गरिन्दै आईएको छ । चुलादर्शन कार्यक्रममा दर्शन गर्ने ब्याक्तिलाई किराया हङकङको गतिविधिहरु बारेमा जानकारी गराउदै उत्तरोत्तर प्रगतिको कामना गर्ने चलन रहेको छ ।

## चूला दर्शनको उदेश्य :

1. किरात राईहरुको धर्म, संस्कार, संस्कृतीको जानकारी गराउन ।
2. पुर्वजहरुबाट आर्शिबाद माग्न ।
3. स्वास्थ्य दिर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्न ।
4. किरात राई यायोक्खा हङकङका गतिबिधि जानकारी गराउन ।
5. एकअर्कामा सुमुधुर सम्बन्ध स्थापित गर्न ।

अनुसुचि २

## खर्च आम्दनी

अतिथिहरुसंग गरेको खानपान अतिथिहरु बाहेकका सहभागीहरुले दामासाहीले उठाई खर्च मिलान गरिने छ ।

अनुसुचि ३

## आवश्यक सामाग्रीहरु :

1. चोख्याउनको लागि – दुबो, तीतेपाती र चोखो पानी
2. आगो बाल्नको लागि – काईला, स्टार्टर र लाईटर
3. पूजाको लागि – काँसेथालमा अलिकति चामल र दियोबत्ति
4. आवश्यक फेटा वा गम्छा
5. मायाको चिनो (भएमा)

अनुसुचि ४

**बिधि :**

चूलामा आगो बाल्नु पर्दछ । चूलामा जान अगावै दुबो, तीतेपाती र चोखो पानीले छर्केर चोखोनितो भई चूलामा पस्नु पर्दछ ।

**चूला दर्शन बाचन :**

हे पितापुर्खाहरुहो,
हे सुम्निमा पारुहाङ ।

तपाँईहरुले हामीलाई जन्म दिई,
मानव संसार बसाउनु भयो ।
धर्तीलाई अन्न योग्य बनाई,
हामीलाई बचाउनु भयो ।

हामिले बंश, दाजुभाई, र कुटुम्ब स्वरुप,
तिन चूला स्थापना गरेका छौं ।
समस्त मानव समुदाय र प्रकृति संरक्षणको लागि,
तिन चूलामा भक्ति भाव गर्दछौं ।

मानव दुख, बिमार, कष्ट सारी दिनु होला,
सुख, सम्बृद्धि र लामो आयु दिनु होला ।
झैझगडा, आपत बिपतबाट जोगाई दिनु होला,
आजको भन्दा अझ अघि बढ्ने, बाटो देखाई दिनु होला ।

कुनै कामको थालनी, कर्मधर्म गर्न,
सदैव तिन चूला पुजने छु ।
चिताएको काम, मनोआकांक्षा पुरा होस भनि,
चूला प्रार्थना गर्दछु ।

जय पितापुर्खाहरु हो ।
जय सुम्निमा पारुहाङ ।।

अनुसुचि ५

**किराया हङ्कङ बारेमा :**

किराया स्थापना : 28 Jan 1998
सामुहिक चूला स्थापना : 28 Jan 2005
च्यारिटेबल मान्यता : 19 Mar 2012
धामी नियुक्ति : 06 Apr 2014
चूलाघर खरिद : 20 Jan 2016

अधिवेशन 10औं : 25 Mar 2018

अध्यक्षहरु : 7औं (हरिचन्द्र राई)

बिभागहरु : 15 वटा

भाषिक संस्थाहरु : 8 वटा

भात्री संस्थाहरु : किरात राई प्रज्ञा प्रतिष्ठान हङकङ

**सेवामुलक कार्यहरु :**

संस्कार सेवा : गर्भ, जन्म, नौरान, पास्नी, छेवर, बिबाह, मृत्यु संस्कार

पूजा सेवा : चुलापुजा, न्वगी, चुलादर्शन, चूलाग्रहण, गृहपूजा, ब्यावसायपूजा

प्रर्दशनी : साकेला शिलि, झाँकि, भेषभुषा, गरगहना, खानपान

चाड पर्वहरु : उभौली, उधौली, साउने संक्राती, माघे संक्रानी

**बार्षिक कार्यक्रमहरु :**

कार्यक्रमहरु : यलम्बर साँझ, खेलकुद प्रतियोगिता

दिवसहरु : येलेदुङ, स्थापना दिवस, तयमाखियमा दिवस

प्रकाशन : यलम्बर स्मारिका, kiratrai.org (Online)

**भावि निर्माण कार्यहरु :**

ऐतिहासिक निमार्ण : सुम्निमा पारुहाङको मुर्ती, वाबुक भएको प्रवेश दुवार, तयामा खियामा, रैछाकुलेको मुर्ति, यलम्बरको ताम्रचित्र निर्माण

संकलन/संरक्षण : शिलि संरक्षण, तथ्याङक संकलन, मौलिक सामाग्री संकलन, किरात राई बिश्वकोष निर्माण

सुबिधा निर्माण : पार्टि प्यालेस, परिवर्तनीय कोठा, भिआईपि शयनकक्ष, प्रतिस्थापन चूला निर्माण

अनुसुचि ६

## कार्यक्रमको रुपरेखा :

1. परिचयात्मक आशन
2. चूला दर्शन बारेमा – नं.३
3. दियोबत्ति बालि पुजा – अतिथिबाट
4. चूला दर्शन बाचन – नं .५
5. सम्मान (पुरुष भए फेटा वा महिला भए गम्छा)
6. मायाको चिनो भए सो प्रदान
7. किराया हङकङका गतिविधिबारे जानकारी – नं .६
8. अतिथिलाई शुभकामनाप्रदान
9. अतिथिले ब्यक्तिगत परिचय सहित बिचार राख्ने
10. कार्यक्रम समापन साथै सगुन बितरण र फोटो सेसन